#  प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड४ )जनकपुरधाम,नेपाल,पुष २९गते,२०७७साल(अतिरिक्ताङ्क ७(ख)

भाग १

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

सम्वत् २०७७ सालको ऐन नं १५

## बालबालिकाको हक अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** बालबालिकाको अधिकारको सम्वर्द्धन, संरक्षण, प्रवर्द्धन एवं परिपूर्ति गर्दै सबै बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक

एवं भावनात्मक विकास गरी सर्वोत्तम हित सुनिश्चित गर्न समयानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरून्त लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिकालाई सम्झनुपर्छ।

(ख) "कसुरजन्य कार्य" भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसुरलाई सम्झनुपर्छ ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्छ ।

(घ) "परिवार" भन्नाले बालबालिकाका बाबु, आमा, दाजु, भाइ, दिदी, बहिनी, हजुरबुबा, हजुरआमालाई सम्झनुपर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।

(ङ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं २ को सरकारलाई सम्झनुपर्छ ।

(च) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई सम्झनुपर्छ ।

(छ) "बालबालिका विरूद्धको हिंसा" भन्नाले प्रचलित कानूनमा बालबालिका विरूद्धको हिंसा भनी तोकिएको कार्य सम्झनुपर्छ ।

(ज) "बाल सुधार गृह" भन्नाले दफा ३२ बमोजिम स्थापना भएको बाल सुधार गृह सम्झनुपर्छ ।

(झ) "बाल यौन दुर्व्यवहार" भन्नाले प्रचलित कानूनमा बाल यौन दुर्व्यवहार भनी तोकिएको कार्य सम्झनुपर्छ ।

(ञ) "वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका" भन्नाले दफा २६ बमोजिमका बालबालिकालाई सम्झनुपर्छ ।

(ट) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकिएका बालबालिकालाई सम्झनुपर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले प्रदेश नं. २ को सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्छ।

(ड) "स्थानीय तह" भन्नाले प्रदेश नं. २ भित्रका नगरपालिका वा गाउँपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद २

## बालबालिकाको हक अधिकार

३. **बाँच्न पाउने अधिकारः** (१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ ।

(२) प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अबलम्वन गर्नेछन्।

४. **नाम र पहिचानको अधिकारः** (१) प्रत्येक बालबालिकालाई जन्मनासाथ आफ्नो पहिचान सहित नामकरणको हक हुनेछ।

(२) बालबालिका जन्मेपछि निजको बाबु, आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्म दर्ता गर्नु, गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नाम राख्दा बाबुआमा तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुनसक्ने सम्भावना नभएमा त्यस्ता बालबालिकालाई हेरचाह गर्ने निजका परिवारका सदस्य वा संरक्षकले नाम राखी प्रचलित कानून बमोजिम जन्म दर्ता गर्नु, गराउनु पर्नेछ ।

(४) जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको हकमा आमाले चाहेमा आमाको नाममात्र उल्लेख गरी जन्मदर्ता गर्नु, गराउनु सक्नेछ ।

(५) बालबालिकालाई आफ्नो नाम, राष्ट्रियता र पारिवारिक सम्बन्धको आधारमा पहिचानको अधिकार हुनेछ।

५. <u>उचित स्याहार, हेरचाह र पालनपोषणको अधिकारः</u> (१) बालबालिकालाई बाबुआमासँगै बस्ने, बालमैत्री वातावरणमा हुर्कने र बाबुआमाबाट उचित स्याहार, हेरचाह, पालनपोषण, संरक्षण तथा मायाममता प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) बालबालिकाको स्याहार, हेरचाह र पालनपोषणमा बुबाआमाको समान दायित्व हुनेछ ।

(३) आफ्ना छोराछोरी वा आफ्नो संरक्षणमा रहेका बालबालिकाको स्याहार, हेरचाह र पालनपोषण गर्नु, शिक्षा, स्वास्थ्योपचार गर्नु एवं खेलकुद, मनोरञ्जन र व्यक्तित्व विकासको अवसर उपलब्ध गराउनु आमाबाबु वा संरक्षकको दायित्व हुनेछ।

(४) गम्भीर प्रकृतिको अपाङ्गता भएका, निको नहुने कडा रोग लागी दैनिक कार्य गर्न असमर्थ भएको, आर्थिक रूपमा विपन्न भएको र सामाजिक रूपमा पछाडि परेका कारण आफ्ना छोराछोरीको पालनपोषण, हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण लगायत आधारभूत अधिकार पूरा गर्न असमर्थ रहेका परिवारलाई बालबालिकाप्रतिका दायित्व परिपालना गर्ने कार्यमा सहयोग गर्न प्रदेश सरकारले लक्षित कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(५) द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका, गम्भीर प्रकृतिको अपाङ्गता भएका, बाबुआमा वा परिवारविहीन वा सडकमा आश्रित बालबालिकाको उद्धार, संरक्षण, पारिवारिक

पुनर्मिलन वा पुनःस्थापनाका लागि प्रदेश सरकारले लक्षित कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(६) उपदफा (४) र (५) को प्रयोजनको लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ ।

६. <u>पोषण एवं स्वास्थ्यको अधिकारः</u> (१) प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्म स्तनपानको अधिकार हुनेछ

(२) गर्भवती महिला, स्तनपान गराउने आमा र बालबालिकाले रोगबाट बच्न आवश्यक खोपहरू लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवामा पहुँच एवं उपभोग गर्न पाउने, उमेर र परिपक्वता अनुसार शरीर, प्रजनन् तथा प्रजनन् स्वास्थ्यसम्बन्धी जानकारी पाउने अधिकार हुनेछ ।

(३) गम्भीर रूपमा कुपोषणको समस्यामा परेका भनी पहिचान भएका प्रत्येक बालबालिकालाई उचित पोषण र स्वास्थ्योपचारको व्यवस्था गर्नु प्रदेश सरकारको कर्तव्य हुनेछ ।

(४) प्रदेश सरकारले बालबालिकालाई आधारभूत स्वास्थ्य सेवा र औषधि निःशुल्क पाउने व्यवस्था गर्न सक्नेछ ।

७. <u>प्रारम्भिक बालविकासको अधिकारः</u> (१) छ वर्षमुनिका प्रत्येक बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार उपयुक्त हुनेगरी खेलको माध्यमबाट, वातावरणमा आधारित अनुभवबाट तथा खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बालविकासको अधिकार हुनेछ ।

(२) प्रदेश सरकारले प्रारम्भिक बालविकास उमेरका प्रत्येक बालबालिकालाई आफ्नो उमेर, विकासको स्तर एवं परिपक्वता अनुरूप उपयुक्त ढङ्गले शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक तथा भाषिक विकासका लागि खेल, नृत्य, संगीत एवं साँस्कृतिक क्रियाकलापबाट सिक्न पाउने, उत्प्रेरणा पाउने लगायतका प्रारम्भिक बालविकासका अवसर उपलब्ध गराउनु पर्नेछ ।

(३) प्रदेश सरकारले प्रारम्भिक बालविकास उमेरका तथा अपाङ्गता भएका बालबालिकालाई उपयुक्त हुनेगरी बालमैत्री वातावरण सिर्जना गरी प्रारम्भिक बालविकासको अवसर उपलब्ध गराउनु पर्नेछ ।

(४) प्रदेश सरकारले प्रारम्भिक बालविकास उमेरका बालबालिकाका लागि केन्द्रमा आधारित कार्यक्रमका लागि आवश्यक खेल, क्रियाकलाप तथा शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनका लागि “केन्द्रमा आधारित कार्यक्रम” भन्नाले बालबालिकालाई घरभन्दा बाहिर बालविकास केन्द्र वा दिवा शिशु स्याहार केन्द्र वा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र वा पूर्व-प्राथमिक विद्यालयमार्फत उपलब्ध गराइने सेवा तथा कार्यक्रमलाई सम्झनुपर्छ ।

८. **<u>शिक्षाको अधिकारः</u>** (१) प्रदेश सरकारले सबै बालबालिकालाई बालमैत्री वातावरणमा प्रचलित संघीय कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक

तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्न विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्नका लागि विद्यालयको भौतिक पूर्वाधार भिन्न उमेरका बालबालिकाका लागि सुहाउँदो, बालबालिकामैत्री तथा अपाङ्ग बालबालिकाका लागि अपाङ्ग बालबालिकामैत्री बनाउन कार्यबिधि निर्धारण गर्न सक्नेछ ।

(३) प्रदेश सरकारले बालबालिकालाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने अधिकार सुनिश्चित गर्न कार्ययोजना पारित गरी लागु गर्नसक्नेछ ।

(४) उपदफा (१) को विशेष कार्यक्रम तथा यस दफाका अन्य प्रावधानको कार्यान्वयन गर्न प्रदेश सरकारले स्थानीय तहसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ ।

९. **भेदभावविरुद्धको अधिकारः** कुनै पनि बालबालिकालाई निज वा निजका बाबुआमा, अभिभावक वा परिवारको आर्थिक वा सामाजिक हैसियत (वर्ग, जातजाति, लिङ्ग, भाषा, सम्प्रदाय, धर्म, राजनैतिक आस्था वा अन्य विचारहरू, संस्कृति वा जीवनशैली, भोजन, भेषभूषा, आर्थिक अवस्था, रोग संक्रमण, अशक्तता वा अपाङ्गता, रुप, रंग, भूगोल) वा अन्य हैसियत लगायतका कारकको आधारमा आत्मसम्मानमा ठेस पुग्नेगरी फरक व्यवहार गर्न, बालबालिका गर्भमा रहेदेखि उनीहरूको जन्म र हुर्काइका अवस्थामा उनीहरूको स्याहारसुसार, हेरचाह, शिक्षा, स्वास्थ्य, सुरक्षा, संरक्षण लगायतका पक्षमा भेदभाव गर्न पाइनेछैन ।

१०. <u>खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकारः</u> (१) प्रत्येक बालबालिकालाई निजको उमेर, क्षमता र रुचि अनुसार खेल खेल्ने, खेलकुदमा सहभागी हुने तथा बालमैत्री वातावरणमा मनोरञ्जन गर्ने अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई आफ्नो हितमा प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप साँस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ ।

(३) बालबालिकाको संरक्षणको लागि आवासीय सेवा प्रदान गर्ने सार्वजनिक निकाय वा संस्थाले पठनपाठन बाहेकको समयमा खेलकुदमा सहभागी हुन बालबालिकालाई प्रोत्साहन गर्ने र त्यसको लागि प्रत्येक विद्यालयले आवश्यक एवं उपयुक्त खेलकुद स्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नुपर्नेछ ।

११. <u>बाबुआमासँग भेटघाट र सम्पर्क गर्ने अधिकारः</u> (१) बालबालिकालाई निजको सर्वोत्तम हितलाई ख्याल गरी बाबुआमाबाट भिन्न वा अलग्ग गर्नुहुँदैन ।

(२) बालबालिकाको अहित हुने भनी अख्तियार प्राप्त निकाय वा अधिकारीले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग्ग बसेको बालबालिकालाई बाबुआमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रूपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने, टेलिफोन गर्ने, पत्राचार गर्ने वा विद्युतीय सञ्चार माध्यमबाट सम्पर्क गर्ने अधिकार हुनेछ ।

(३) कुनै बालबालिकाको बाबु वा आमा प्रचलित कानून बमोजिम थुना वा कैदमा रहेको कारणले बालबालिका बाबु वा आमाबाट अलग्ग रहेको खण्डमा निज बालबालिकाको

माग बमोजिम सम्बन्धित अधिकारीले निजलाई बाबु वा आमा रहे बसेको स्थानको बारेमा जानकारी दिनु पर्नेछ ।

१२. **विचार अभिव्यक्ति, सूचना माग्ने तथा सहभागिताको अधिकारः** (१) बालबालिकालाई आफ्नो उमेर एवं परिपक्वता अनुरूप हुनेगरी आफूलाई असर पार्ने (आफ्नो जीवनसित सरोकार रहेको) विषयमा परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्था तथा प्रदेश सरकार र प्रदेश सरकार अन्तर्गतका निकायमा आफ्ना विचार अभिव्यक्त गर्ने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्बन्धित निकाय वा संस्थाले प्राथमिकता दिई उचित सुनुवाई गर्नु पर्नेछ ।

(३) परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाको तहमा बालबालिकाको विचार-अभिव्यक्तिको अधिकारलाई व्यवस्थित गर्न सम्बन्धित स्थानीय तहले बालमैत्री विधि र प्रक्रिया निर्धारण गर्न सक्नेछ ।

(४) बालबालिकालाई प्रचलित कानून बमोजिम प्रदेशका सार्वजनिक निकाय, सामुदायिक वा निजी संस्थासँग आफ्नो तथा बालअधिकारसँग सम्बन्धित सार्वजनिक हित एवं सरोकारबारे सूचना माग्ने र पाउने हक हुनेछ ।

(५) उपदफा (४) बमोजिम बालबालिकाले सूचना वा जानकारी माग गरेमा निजको उमेर एवं परिपक्वता समेतको ख्याल गरी सरल भाषामा सूचना वा जानकारी उपलब्ध गराउनु प्रदेशका सबै सार्वजनिक निकाय, सामुदायिक वा निजी संस्थाको कर्तव्य हुनेछ ।

(६) बालबालिकाको सरोकारको विषय वा निजलाई तत्काल वा दीर्घकालमा असर पर्ने विषयको निर्णय प्रक्रियामा सहभागी हुने अवसर प्रदान गर्नु परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्थाको कर्तव्य हुनेछ ।

१३. <u>बाल क्लब वा संस्था गठन गर्न सक्ने:</u> (१) बालबालिकालाई बालअधिकारको प्रवर्द्धन एवं बालसंरक्षणका लागि बाल क्लब वा संस्था खोल्न र बाल क्लब वा संस्थामा आवद्ध हुन पाउने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम बाल क्लब वा संस्थाको दर्ता तथा सञ्चालनसम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहले पारित गरेको कार्यविधि बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालन भएका बाल क्लब वा संस्थाले एक प्रदेश स्तरीय सञ्जाल गठन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम स्थापना हुने बाल क्लब वा संस्थाको प्रदेश स्तरीय सञ्जालको गठनसम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(५) प्रचलित प्रदेश कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि बाल क्लब वा संस्था तथा बाल क्लब वा संस्थाको प्रदेश स्तरीय सञ्जालको दर्ता वा नवीकरण गर्दा कुनै शुल्क लिन पाइनेछैन ।

## परिच्छेद ३
## बालबालिकाप्रतिको दायित्व

१४. **बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने:** (१) बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रदेश अन्तर्गतका प्रत्येक निकाय, अधिकारी तथा संस्थाले हरेक काम कुरा गर्दा वा निर्णय लिँदा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) जीवन जोखिममा भएका वा अन्य गम्भीर प्रकृतिका जोखिममा रहेका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ ।

(३) अख्तियारप्राप्त निकाय तथा अधिकारीले बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नुपर्दा, बाबुआमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको औपचारिक सर्वोत्तम हितनिर्धारण प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(४) प्रदेश सरकार र प्रदेश सरकार अन्तर्गतका निकाय, स्थानीय तह, सार्वजनिक निकाय वा सामाजिक संस्थाले बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने भवन वा स्थलको भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

१५. **बाबुआमा, परिवार वा संरक्षकको दायित्व:** (१) बालबालिकाको हेरचाह, पालनपोषण र विकासमा बाबु र आमा दुवैको समान दायित्व हुनेछ ।

(२) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्योपचार लगायत व्यक्तित्व विकासका अवसर उपलब्ध गराउनु, मायाममतापूर्ण वातावरण प्रदान गर्नु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबु, आमा, परिवारका अन्य सदस्य र संरक्षकको दायित्व हुनेछ ।

(३) बाबु, आमा, परिवारका अन्य सदस्य तथा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ ।

(४) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु हुँदैन ।

(५) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको जिम्मेवार व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन ।

(६) बालबालिकाको जीवनमा तत्काल वा दीर्घकालमा समेत समस्या आउनसक्ने अवस्थामा निजबाट हुनसक्ने सम्भावित जोखिमपूर्ण, गैरकानुनी कार्य गर्नबाट रोक्नु वा जोगाउनु, उचित मार्गदर्शन दिनु तथा सम्भावित जोखिमलाई आकलन गरेर सतर्कता अपनाउनु बाबुआमा वा परिवारका सदस्य वा संरक्षकको कर्तव्य हुनेछ ।

१६. **सञ्चार क्षेत्रको दायित्वः** बालअधिकारको उल्लङ्घन र बालबालिकाको हितप्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ ।

१७. **प्रदेश सरकारको दायित्वः** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नु प्रदेश सरकारको दायित्व हुनेछ ।

(२) भौगोलिक विकटता, आर्थिक वा सामाजिक कारण, अपाङ्गता वा अन्य कुनै कारणले पछाडि परेका बालबालिकाको समग्र विकासको लागि प्रदेश सरकारले विशेष कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(३) बालबालिकाको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्न तथा बालबालिकाको अधिकारको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

(४) प्रदेश सरकारले तोकिएका वर्ग, समुदाय तथा क्षेत्रका बालबालिकाका लागि आवश्यकता अनुसार विशेष शिक्षा, दूर शिक्षा र व्यावसायिक शिक्षा लगायत शिक्षासम्बन्धी अन्य उपयुक्त व्यवस्था मिलाउनु पर्नेछ ।

१८. **स्थानीय सरकारको दायित्वः** बालबालिकाको हक अधिकारको संरक्षणका निमित्त स्थानीय तहको दायित्व देहाय बमोजिम हुनेछः

(क) बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने तथा त्यसलाई अद्यावधिक गर्ने र वार्षिक रुपमा बालबालिकाको स्थितिपत्र प्रकाशन गर्ने,

(ख) बालमैत्री नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, त्यसको अनुगमन, मूल्याङ्कन गर्ने र बालमैत्री नगर वा गाउँ निर्माण र कार्यान्वयन गर्ने,

(ग) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दिगो विकासका लागि आर्थिक, भौतिक तथा मानवीय स्रोतको व्यवस्था मिलाउने,

(घ) बालबालिकाको क्षेत्रमा कार्यरत निकाय तथा संस्थाको सूचीकरण गर्ने, सेवा मापन गर्ने तथा आवश्यक समन्वय, सहकार्य गरी बालअधिकारको संवर्द्धनात्मक र संरक्षणात्मक कार्य गर्ने, गराउने,

(ङ) बालअधिकारको प्रवर्द्धन र बालसंरक्षणका निमित्त घटना व्यवस्थापन प्रक्रियालाई अवलम्बन गरी कार्यान्वयन गर्ने, गराउने,

(च) बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं तत्सम्बन्धमा आवश्यक समन्वय गर्ने, गराउने,

(छ) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकताका विषयमा विशेष अभियान सञ्चालन गर्ने,

(ज) प्रचलित कानून बमोजिम वैकल्पिक हेरचाह र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणसम्बन्धी कार्य गर्ने,

(झ) बालबालिकाको हक अधिकारसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने, गराउने ।

## परिच्छेद ४

## बालबालिका विरुद्धको हिंसा तथा बाल यौनदुर्व्यवहार सम्बन्धी व्यवस्था

१९. बालबालिका विरुद्ध हिंसा सम्बन्धी व्यवस्थाः कसैले बालबालिकाउपर देहाय बमोजिमको कुनै कार्य गरेमा बालबालिकाविरुद्ध हिंसा गरेको मानिनेछः

(क) धूम्रपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,

(ख) बालिगहरूका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जन स्थलमा प्रवेश वा प्रयोग गराउने,

(ग) बालिगहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्यदृश्य जस्ता सामग्री देखाउने,

(घ) घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,

(ङ) शारीरिक चोटपटक वा असर पुर्‍याउने, आतंकित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,

(च) विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,

(छ) राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा हड्‌ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्ने,

(ज) गैरकानुनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,

(झ) क्रूर अमानवीय व्यवहार गर्ने वा यातना दिने,

(ञ) सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक वा अभिनय कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने,

(ट) जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने,

(ठ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,

(ड) जादु वा सर्कसमा लगाउने,

(ढ) कसूरजन्य कार्य गर्न सिकाउने, तालीम दिने वा त्यस्तो कार्यमा लगाउने,

(ण) बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,

(त) प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने,

(थ) औषधि वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने,

(द) कानून बमोजिम बाहेक बालगृहमा राख्ने ।

२०. <u>बाल यौन दुर्व्यवहार सम्बन्धी व्यवस्था:</u> कसैले बालबालिकाउपर देहाय बमोजिमको कुनै कार्य गरेमा बाल यौन दुर्व्यवहार गरेको मानिनेछः

(क) अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लीलता प्रदर्शन गर्ने वा गराउने,

(ख) बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,

(ग) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने,

(घ) अश्लील कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,

(ङ) यौनजन्य मनसायले शरीरको संवेदनशील अंगमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य

मनसायले बेहोस पार्ने वा यौनजन्य अंग प्रदर्शन गर्ने वा गर्न लगाउने,

(च) कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबलिकालाई प्रयोग गर्ने वा गराउने,

(छ) यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,

(ज) बाल यौनशोषण गर्ने वा गराउने,

(झ) यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(ञ) यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(ट) वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने।

## परिच्छेद ५

## बालसंरक्षण सम्बन्धी व्यवस्था

२१. संरक्षणको अधिकारः (१) प्रदेश सरकारले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण लगायत आधारभूत अधिकार सुनिश्चित गर्न बालसंरक्षण कार्ययोजना कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजनामा परिवारविहीन बालबालिका, परिवार विग्रहको जोखिममा रहेका परिवारका बालबालिका, जोखिमपूर्ण श्रममा संलग्न बालबालिका, अपाङ्गता भएका बालबालिका, शारीरिक वा मानसिक हिंसा, दुर्व्यवहार वा शोषणमा परेका बालबालिका, गैरकानुनी

ओसारपसारबाट पीडित बालबालिका, सडकमा आश्रित वा बेसहारा अवस्थामा रहेका बालबालिकाको उद्धार, अस्थायी संरक्षण सेवाको प्रबन्ध, स्वास्थ्य उपचार, कानुनी सहायता, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पारिवारिक सहयोग तथा सामाजिक सुरक्षा सुनिश्चित गर्न विशेष कार्यक्रम समावेश गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्ययोजना कार्यान्वयनका लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ ।

(४) प्रदेश सरकारले बालबालिकाको संरक्षणको लागि तोकिए बमोजिम विशेष संयन्त्र निर्माण गर्न सक्नेछ।

(५) प्रदेश सरकारले बलात्कार तथा यौनजन्य हिंसा, दुर्व्यवहार वा शोषणमा परेका बालबालिकाको उद्धार, अस्थायी संरक्षण सेवाको प्रबन्ध, स्वास्थ्य उपचार, कानूनी सहायता, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पारिवारिक सहयोग तथा सामाजिक सुरक्षा सुनिश्चित गर्न विशेष कार्ययोजना तर्जुमा गरी स्थानीय तहसँग समन्वय एवं सहकार्य गरी सो कार्ययोजना कार्यान्वयन गर्न सक्नेछ ।

२२. <u>अपाङ्गता भएका बालबालिकाको संरक्षण:</u> (१) प्रदेश सरकारले अपाङ्गता भएका बालबालिकालाई निजको अपाङ्गताको प्रकार र स्तर अनुकूल हुनेगरी समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य, स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर

लगायतका अधिकार परिपूर्ति गर्न विशेष संरक्षणको व्यवस्था गर्नेछ ।

(२) प्रदेश सरकारले उपदफा (१) को प्रयोजन एवं अपाङ्गता भएका बालबालिकाको मान प्रतिष्ठा सुनिश्चित गर्न, आत्मनिर्भरता प्रवर्द्धन गर्न, निजलाई समाजमा सक्रिय रूपले सहभागी हुने तथा सम्मानजनक तवरले जीवन व्यतित गर्ने अधिकार सुनिश्चित गर्न लक्षित कार्ययोजना कार्यान्वयन गर्न सक्नेछ ।

(३) प्रदेश सरकारले अपाङ्गता भएका बालबालिकाको पहिचान गर्न र लक्षित सेवा प्रदान गर्ने निकाय वा संस्थाको भौतिक पूर्वाधार एवं सार्वजनिक सेवामा अपाङ्गता भएका बालबालिकामैत्री बनाई पहुँच बढाउन तोकिए बमोजिमका विशेष कार्यक्रम लागु गर्नेछ ।

(४) यस दफा बमोजिमको कार्ययोजना कार्यान्वयनका लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ ।

२३. <u>आर्थिक शोषण तथा बालश्रमबाट संरक्षणः</u> (१) बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन, आर्थिक लाभका लागि प्रयोग गर्न वा गैरकानुनी रूपमा श्रम शोषण गर्न, गराउन पाइनेछैन ।

(२) उपदफा (१) को प्रयोजनका लागि प्रदेश सरकारले उद्योग व्यवसाय, ईटाभट्टा, सवारीसाधन, घरेलु कामदार, विवाहमा रोड लाइट बोक्ने, भोजभतेर लगायतका श्रम क्षेत्रमा बालबालिकाको प्रयोगमा रोक लगाउन सक्नेछ।

२४. **विपद् एवं महामारीको अवस्थामा बालबालिकाको संरक्षणः** (१) प्रदेश सरकारले विपद् एवं महामारीको अवस्थामा बालबालिकाको नियमित खोप सेवा, स्वास्थ्य परीक्षण र उपचार सेवा, शिक्षा, संरक्षण लगायतका आधारभूत अधिकार परिपूर्तिलाई निरन्तरता दिन तोकिए बमोजिमको विशेष व्यवस्था गर्न सक्नेछ ।

(२) प्रदेश सरकारले विपद् एवं महामारीबाट पीडित तथा प्रभावित बालबालिका एवं निजको परिवारका सदस्य समेतलाई आवश्यकता अनुसार मनोसामाजिक सहयोगको प्रबन्ध गर्नेछ ।

(३) यस दफा बमोजिमको कार्ययोजना कार्यान्वयनका लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ ।

२५. **अस्थायी संरक्षण सेवाः** (१) तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक भएका बालबालिकालाई सुरक्षित बसोबासको प्रबन्ध गर्न प्रदेश सरकारले आवश्यकता अनुसार अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नको लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ ।

(३) अस्थायी संरक्षण सेवाको स्थापना, सेवा-प्रवाह, व्यवस्थापन तथा सञ्चालनसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२६. **वैकल्पिक हेरचाहको व्यवस्था:** (१) प्रचलित कानून बमोजिम देहायका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिनेछः

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानुनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बालकल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग्ग गरिएका बालबालिका।

(२) उपदफा (१) बमोजिम वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान भएमा वा फेला परेमा सम्बन्धित बालकल्याण अधिकारीलाई सूचना दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना भई आएका बालबालिकालाई बालकल्याण अधिकारीले निजको परिवार पहिचान गरी परिवारमा पुनर्मिलन गराउनु पर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनका लागि परिवारको पहिचान हुन नसकेका बालबालिकाको हकमा स्थानीय तहसंगको समन्वय एवं सहकार्यमा प्रदेश सरकारले वैकल्पिक हेरचाहको व्यवस्था गर्नु पर्नेछ ।

२७. <u>वैकल्पिक हेरचाहको प्रबन्ध गर्नुपर्नेः</u> (१) दफा २६ को उपदफा (१) बमोजिम वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको हेरचाह तथा संरक्षण गर्ने प्रयोजनका लागि आवश्यकता तथा उपयुक्तता अनुरुप प्रचलित कानून बमोजिम प्रदेश सरकारले देहायको प्राथमिकताको क्रममा वैकल्पिक हेरचाहको प्रबन्ध गर्नुपर्नेछः

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदारसंग राखेर गरिने हेरचाह,

(ख) बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसंग राखेर गरिने हेरचाह,

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्थामा राखेर गरिने हेरचाह,

(घ) बालगृहमा राखेर गरिने हेरचाह ।

(२) बालकल्याण अधिकारीले प्रचलित कानून बमोजिम वैकल्पिक हेरचाहको लागि सिफारिस गरेका बालबालिकालाई मात्र वैकल्पिक हेरचाहमा राखिनेछ ।

(३) प्रदेश सरकारले स्थानीय तहसँग समन्वय एवं सहकार्य गरी बालबालिकाको हेरचाह गर्न एवं परिवारबाट नअलग्याउन भनी परिवारको क्षमता बढाउन पारिवारिक सहयोग तथा सुदृढीकरण कार्यविधि कार्यान्वयन गर्न सक्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "पारिवारिक सहयोग" भन्नाले बालबालिकाको परिवारलाई विखण्डनतर्फ लैजाने आर्थिक तथा सामाजिक कारणको पहिचान र निराकरण गरी त्यसबाट परिवारको एकता तथा सौहार्दता कायम गराउँदै सम्बन्धित परिवारभित्रैबाट बालबालिकाको संरक्षण हुने वातावरण सिर्जना गरिने सहयोग सम्झनुपर्छ ।

(४) उपदफा (१) बमोजिमको स्थापना भएका वैकल्पिक हेरचाहसम्बन्धी सेवा, बालबालिका भर्ना प्रक्रिया, सञ्चालन एवं व्यवस्थापन सम्बन्धी मापदण्ड, अनुगमन सम्बन्धी व्यवस्था तथा सेवा प्रदायकको वर्गीकरण तोकिए बमोजिम हुनेछ।

२८. बालगृहको स्थापना तथा सञ्चालनः (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई उपयुक्त पुनर्स्थापना नभएसम्म राख्नको लागि र वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको हेरचाह एवं सरंक्षण गर्ने प्रयोजनको लागि प्रदेश सरकारले आवश्यकता अनुसार बालगृहको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानून बमोजिम दर्ता भएका बालगृह मन्त्रालय समक्ष सूचीकृत हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रयोजनको लागि कुनै प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले तोकिए बमोजिमको शर्तको अधीनमा रही प्रदेश सरकारबाट स्वीकृति लिई बालगृह स्थापना गर्न सक्नेछ ।

तर, बालबालिकाविरूद्धको हिंसा वा बाल यौनदुर्व्यवहारको आरोप लागेका वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएका व्यक्ति संलग्न भएको संस्थाले बालगृह स्थापना गर्न सक्नेछैन ।

(४) उपदफा (२) वा (३) बमोजिमको बालगृहलाई प्रदेश सरकारले आर्थिक, प्राविधिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

(५) बालगृहको स्थापना, वर्गीकरण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. <u>बालगृहमा राख्ने अवधिः</u> विशेष संरक्षणको आवश्यकता भएका वा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको उपयुक्त पुनःस्थापना नभएसम्म वा त्यस्तो बालबालिकाको उमेर अठार वर्ष नपुगेसम्म निजलाई बालगृहमा राखिनेछ ।

३०. <u>बालबालिकाको पुनर्मिलन, पुनर्स्थापना तथा सामाजिक पुनर्एकीकरण गर्नुपर्नेः</u> (१) बालगृहमा रहेका बालबालिकाको बाबु, आमा वा अभिभावकको पहिचान भएमा र परिवारमा पुनर्मिलन गराउनु बालबालिकाको उच्चतम हित हुने देखिएमा स्थानीय तहसंग

समन्वय र सहकार्य गरी निजलाई परिवारमा पुनर्मिलन गराउनु पर्दछ ।

(२) बालगृहमा रहेका बालबालिकाको पुनर्स्थापना तथा सामाजिक पुनःएकीकरण गर्ने दायित्व सम्बन्धित बालगृहको हुनेछ ।

(३) यस दफा बमोजिम बालबालिकाको पुनर्मिलन, पुनर्स्थापना तथा सामाजिक पुनर्कीकरण गर्दा सम्बन्धित बालकल्याण अधिकारीसँग समन्वय गर्नुपर्नेछ ।

(४) बालबालिकाको पुनर्मिलन, पुनर्स्थापना तथा सामाजिक पुनर्एकीकरणमा आवश्यक सहयोग गर्नु स्थानीय तहको कर्तव्य हुनेछ ।

३१. <u>संस्था प्रमुखको जिम्मेवारीः</u> (१) विशेष संरक्षणको आवश्यकता भएका वा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको हेरचाह तथा संरक्षणको जिम्मेवारी पाएको संस्थामा रहेका बालबालिकाको हेरचाह, पालनपोषण तथा संरक्षणको लागि त्यस्तो संस्थाको प्रमुखलाई अन्तिम जिम्मेवार मानिनेछ ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनका लागि “संस्था प्रमुख” भन्नाले त्यस्तो संस्थाको प्रमुख कार्यकारी अधिकृत वा सो हैसियतमा काम गर्ने अध्यक्ष, प्रबन्ध निर्देशक वा संस्थाको नियमानुसार तोकिएका अन्य कुनै अधिकृतलाई सम्झनुपर्छ ।

(२) बालबालिकाको हेरचाह तथा संरक्षणको जिम्मेवारी पाएको संस्थाले तोकिएको शर्त र प्रक्रिया विपरीत कार्य गरेमा त्यस्तो संस्थालाई प्रचलित कानून बमोजिम

बालकल्याण अधिकारीले कुन शर्त उल्लङ्घन गरेको हो सो समेत खुलाई बालबालिकाको हेरचाह तथा संरक्षण कार्य गर्न रोक लगाउन सक्नेछ ।

(३) उपदफा (३) बमोजिम रोक लगाइएको संस्थाले अपेक्षित सुधार गरेको कुरा अनुगमनबाट पुष्टि भएमा प्रचलित कानून बमोजिम बालकल्याण अधिकारीले त्यस्तो संस्थालाई बालबालिकाको हेरचाह तथा संरक्षण कार्यमा लगाइएको रोक फुकुवा गर्नेछ ।

(४) प्रचलित कानून बमोजिम बालकल्याण अधिकारीले उपदफा (३) बमोजिम गरेको कार्यबारे सम्बन्धित स्थानीय बालअधिकार समितिलाई जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदन स्थानीय बालअधिकार समितिले प्रदेश बालअधिकार समिति समक्ष बुझाउनु पर्नेछ ।

३२. <u>बाल सुधारगृहको स्थापना र सञ्चालनः</u> (१) प्रदेश सरकारले कानूनको विवादमा परेका बालबालिकाको सुधार एवं संरक्षणका लागि आवश्यकता अनुसार बालसुधारगृह स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

(२) बालसुधारगृहको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

३३. <u>बालसंरक्षण सम्बन्धी मापदण्डः</u> (१) बालबालिकासंग प्रत्यक्ष काम गर्ने प्रदेश सरकार र प्रदेश सरकार अन्तर्गतका प्रत्येक सार्वजनिक निकाय, स्थानीय तह, सामाजिक संस्था तथा निजी क्षेत्र

समेतले बालबालिका विरूद्धको हिंसा वा बाल यौनदुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारवाही गर्नका लागि समेत संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागु गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बालसंरक्षण मापदण्ड कार्यान्वयन गर्नु प्रत्येक सार्वजनिक निकाय, स्थानीय तह, सामाजिक संस्था तथा निजी क्षेत्रका संस्था प्रमुखको दायित्व हुनेछ ।

३४. **गोपनीयता कायम राख्नुपर्ने:** (१) कसैले पनि बालबालिका विरूद्धका हिंसा वा बाल यौनदुर्व्यवहारबाट पीडित बालबालिकाको पहिचान खुल्ने गरी कुनै पनि सञ्चार माध्यममा सूचना वा समाचार सम्प्रेषण गर्नु हुँदैन ।

(२) कसैले पनि अदालतमा विचाराधीन रहेको मुद्दासँग सम्बन्धित बालबालिकाको परिचय खुल्ने गरी कुनै पनि विवरण कुनै छापा वा विद्युतीय सञ्चार माध्यमद्वारा प्रकाशन वा प्रसारण गर्न पाइनेछैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानूनले तोकिए बमोजिमको अवस्थामा पहिचान नखुल्नेगरी बालबालिकासम्बन्धी विवरण प्रकाशन वा प्रसारण गर्न बन्देज गरिएको मानिने छैन ।

३५. **बालसंरक्षण कार्यकर्ता, सामाजिक कार्यकर्ता एवं मनोविमर्शकर्ताको क्षमता अभिवृद्धि:** विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, बालबालिका विरूद्धको हिंसा वा बाल यौनदुर्व्यवहारबाट पीडित एवं प्रभावित बालबालिकाको तत्काल

उद्धार, संरक्षण सेवा, पारिवारिक पुनर्मिलन, सामाजिक पुनर्स्थापना सेवा लगायत अन्य सेवा प्रदान गर्न वा त्यस्तो सेवामा समन्वय गरी घटना व्यवस्थापन कार्य समेत गर्नका लागि आवश्यक पर्ने बालसंरक्षण कार्यकर्ता, सामाजिक कार्यकर्ता एवं मनोविमर्शकर्ताको दक्षता अभिवृद्धि गर्न मन्त्रालयले कार्ययोजना पारित गरी लागु गर्न सक्नेछ ।

३६. **सामाजिक सुरक्षाः** (१) प्रदेश सरकारले विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, बालबालिकाको विरूद्धको हिंसा वा बाल यौन दुर्व्यवहारबाट पीडित बालबालिकाका लागि सामाजिक सुरक्षा सहित संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि बालबालिका तथा निजको परिवार पहिचानको आधार एवं सामाजिक सुरक्षाको योजना तोकिए बमोजिम हुनेछ ।

३७. **अनुगमन तथा प्रतिवेदनः** (१) यस ऐन बमोजिम बालबालिकाको हेरचाह, पालनपोषण तथा संरक्षण गर्न जिम्मा लिएका व्यक्ति, संरक्षक वा संस्थाले आफ्नो हेरचाह तथा संरक्षणमा रहेका बालबालिकासम्बन्धी विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सम्बन्धित स्थानीय बालअधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बालअधिकार समितिले प्रतिवेदन तयार गरी वार्षिक रूपमा प्रदेश बालअधिकार समिति समक्ष पेश गर्नुपर्नेछ।

(३) बालबालिकालाई अस्थायी संरक्षण सेवा र वैकल्पिक हेरचाह गर्ने व्यक्ति, परिवार वा संस्था तथा उनीहरूले

प्रदान गरेको सेवाको गुणस्तर सुनिश्चित गर्न, नियमित अनुगमन र मूल्याङ्कन गर्ने, गराउने तथा सेवाको सम्बन्धमा आवश्यक निर्देशन दिने जिम्मेवारी मन्त्रालयको हुनेछ ।

## परिच्छेद ६

## बालकल्याण सम्बन्धी संस्थागत व्यवस्था

३८. **प्रदेश बालअधिकार समितिः** (१) बालबालिकाको अधिकारको प्रवर्द्धन तथा हक हितको संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रदेश सरकारलाई सिफारिस गर्ने काम समेतको लागि एक प्रदेश बालअधिकार समिति रहनेछ ।

(२) प्रदेश बालअधिकार समितिको गठन देहाय बमोजिम हुनेछः

(क) मन्त्री,सामाजिक विकास मन्त्रालय -अध्यक्ष

(ख) सचिव, कानून, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव,सामाजिक विकास मन्त्रालय -सदस्य

(च) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय -सदस्य

(छ) निर्देशक, प्रदेशशिक्षा निर्देशनालय -सदस्य

(ज) निर्देशक, प्रदेश स्वास्थ्य निर्देशनालय -सदस्य

(झ) उपन्यायाधिवक्ता, मुख्यन्यायाधिवक्ताको कार्यालय -सदस्य

(ञ) प्रदेश स्तरीय गैरसरकारी संस्था महासंघको प्रतिनिधि -सदस्य

(ट) प्रदेश स्तरीय पत्रकार महासंघको प्रतिनिधि -सदस्य

(ठ) बालअधिकारको क्षेत्रमा कार्यरत रही योगदान पुऱ्याएका व्यक्ति वा विशेषज्ञमध्येबाट प्रदेश सरकारले मनोनयन गरेका कम्तिमा एक जना महिला सहित तीन जना प्रतिनिधि-सदस्य

(ड) उपसचिव, सामाजिक विकास मन्त्रालय -सदस्य सचिव

(३) प्रदेश बालअधिकार समितिले आवश्यकता अनुसार नेपाल सरकार र प्रदेश सरकार मातहतका निकायका प्रतिनिधि, बालअधिकारको क्षेत्रमा कार्यरत व्यक्ति वा विशेषज्ञ तथा सामाजिक संस्थाका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र निज पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछ ।

(५) समितिले आफ्नो कार्यलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(६) समितिलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलव्ध गराउनेछ ।

(७) समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

३९. <u>समितिको बैठकसम्बन्धी व्यवस्थाः</u> (१) समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(३) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी अभिलेख राखिनेछ ।

(५) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिका सदस्यको सेवा, शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. <u>प्रदेश बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः</u> (१) बालअधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति गर्ने उद्देश्यले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेशमा बालबालिकाको हक अधिकार सुनिश्चित गर्न कानून, नीति, योजना तथा कार्यक्रम बनाउन

प्रदेश सरकार तथा स्थानीय तहलाई सुझाव एवं परामर्श दिने,

(ख) प्रदेश तथा स्थानीय तहको बालबालिकासम्बन्धी नीति तथा कार्यक्रमको विश्लेषण गरी आवश्यक निर्देशन दिने,

(ग) बालबालिकाका विषयमा प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी आवश्यकता अनुसार सुझाव दिने,

(घ) बालबालिकाको अधिकार प्रत्याभूतिको सम्बन्धमा अध्ययन, अनुसन्धान गरी, गराई समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्ने, गराउने,

(ङ) नेपाल पक्ष रहेको बालबालिकाको हक अधिकारसँग सम्बन्धित सन्धि, महासन्धिको कार्यान्वयनका निमित्त संघीय सरकार, प्रदेश सरकारका निकाय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(च) प्रदेशभित्रका बालबालिकाको समग्र स्थिति, वैकल्पिक हेरचाहको प्रबन्ध, अस्थायी संरक्षण सेवा लगायत अन्य उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिता बारे आवधिक निरीक्षण गरी तत्सम्बन्धमा प्रदेश सरकार समक्ष सुझाव सहितको प्रतिवेदन दिने,

(छ) बालअधिकार परिपूर्तिको लागि स्थानीय तहको अख्तियारी, नीति निर्माण तथा योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि प्रदेशभित्रका स्थानीय तहसँग समन्वय, सहजीकरण गरी उनीहरूको क्षमता अभिवृद्धि गर्ने, गराउने,

(ज) समितिको वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन गर्ने र कार्यक्रम कार्यान्वयनको समन्वय गर्ने, गराउने,

(झ) समितिको दीर्घकालीन योजना स्वीकृत गर्ने तथा आन्तरिक कार्य सञ्चालनका लागि आवश्यक कार्यविधि पारित गर्ने,

(ञ) बालबालिकाको हक अधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने, गराउने ।

४१. <u>जिल्ला बालअधिकार समितिः</u> (१) जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा प्रत्येक जिल्लामा एक जिल्ला बालअधिकार समिति गठन गरिनेछ ।

(२) जिल्ला बालअधिकार समितिको गठन देहायबमोजिम हुनेछ ।

(क) जिल्ला समन्वय समितिका प्रमुख -अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी -सदस्य

(ग) प्रमुख, जिल्ला प्रहरी कार्यालय -सदस्य

(घ) जिल्ला न्यायाधिवक्ता -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत (जिल्ला सदरमुकाम भएको स्थानीय तह) -सदस्य

(च) प्रमुख, जिल्ला अस्पताल -सदस्य

(छ) प्रमुख, शिक्षा विकास तथा समन्वय ईकाई -सदस्य

(ज) सामाजिक सेवामा कार्यरत व्यक्ति, बालबालिकाको हकहितसम्बन्धी कार्यमा संलग्न सामाजिक कार्यकर्ता, चिकित्सक, बालमनोविज्ञ, शिक्षकमध्येबाट समावेशिताका आधारमा समितिले मनोनित गरेका एक जना महिला सहित तीन जना -सदस्य

(झ) जिल्ला समन्वय अधिकारी -सदस्य सचिव

(३) जिल्ला बालअधिकार समितिले आवश्यक देखेमा बालबालिकाका क्षेत्रमा काम गर्ने विशेषज्ञलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) जिल्ला बालअधिकार समितिका पदाधिकारीहरूको कार्यकाल चार वर्षको हुनेछ र निज पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछन् ।

(५) प्रत्येक जिल्ला बालअधिकार समितिको अध्यक्षले जिल्ला बालकल्याण समितिका सदस्यले जिल्लाभित्र सञ्चालित बालकल्याणकारी क्रियाकलापको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश बालअधिकार समिति समक्ष पेश गर्नु पर्नेछ ।

(६) यस ऐनमा लेखिएदेखि बाहेक जिल्ला बालअधिकार समितिको अन्य काम, कर्तव्य, अधिकार तोकिएबमोजिम हुनेछ ।

४२. **स्थानीय बालअधिकार समितिः** (१) प्रत्येक स्थानीय तहमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा एक स्थानीय बालअधिकार समिति रहनेछ ।

(२) स्थानीय तहको बालअधिकार समितिमा रहने सदस्य संख्या, मनोनित सदस्यको पदावधि, त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि स्थानीय तहले बनाएको कानून अनुसार हुनेछ ।

(३) स्थानीय बालअधिकार समितिमा स्थानीय तहको निर्वाचित प्रतिनिधि एवं कर्मचारी, सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सक, बालमनोविज्ञ, शिक्षक, बालबालिकाको हक अधिकारको क्षेत्रमा क्रियाशील सामाजिक संस्थाका प्रतिनिधि, बाल क्लब वा संस्थाको प्रतिनिधि सदस्य रहन सक्दछन् । प्रचलित कानून बमोजिम नियुक्त बालकल्याण अधिकारीले स्थानीय बालअधिकार समितिको सदस्य-सचिव भई काम गर्नेछ ।

(४) स्थानीय तहले बनाएको कानून अनुरूप स्थानीय बालअधिकार समितिको कामलाई प्रभावकारी बनाउन वडा अध्यक्षको अध्यक्षतामा आवश्यकता अनुसार वडा स्तरीय बालअधिकार समिति बनाउन सकिनेछ । त्यस्तो समितिमा रहने सदस्य संख्या, मनोनित सदस्यको पदावधि, त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि स्थानीय तहले बनाएको कानून अनुसार हुनेछ ।

(५) यस ऐनमा लेखिएदेखि बाहेक स्थानीय बालअधिकार समितिको काम, कर्तव्य, अधिकार स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ ।

४३. <u>बाल कोषः</u> (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने कामका लागि प्रदेश सरकारले एक बालकोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीयतहबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ संस्थाबाट प्राप्त रकम,

(घ) जरिवाना लगायत अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोगसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम लिँदा नेपाल सरकारको सहमति लिनुपर्नेछ ।

## परिच्छेद ७
## विविध

४४. **बालबालिकाको कर्तव्यः** बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक, बालसंरक्षण कार्यकर्ता तथा सामाजिक कार्यकर्ताले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सवैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ ।

४५. **बालमैत्री हुनुपर्नेः** (१) परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्था लगायतले बालबालिकालाई प्रदान गर्ने सेवा बालमैत्री हुनुपर्नेछ ।

(२) परिवार, समुदाय, विद्यालय तथा बालबालिका लक्षित सेवा प्रदान गर्ने सार्वजनिक निकाय एवं संस्थाको भौतिक संरचना वा पूर्वाधार बालमैत्री हुनुपर्नेछ ।

(३) प्रदेश सरकारले प्रविधिमैत्री तथा बालमैत्री शिक्षण-सिकाइ प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(४) प्रदेश सरकारले परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्था लगायतले प्रदान गरेको सेवा तथा भौतिक संरचना वा पूर्वाधार बालमैत्री भए नभएको लेखाजोखा वा परीक्षण गर्न सक्नेछ।

(५) उपदफा (४) को प्रयोजनको लागि मन्त्रालयले मापदण्ड लागु गर्न सक्नेछ ।

(६) प्रदेश सरकारले बालमैत्री शासन अवधारणा लागु गर्न, गराउन स्थानीय तहसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ ।

४६. **सजायः** कुनै व्यक्ति, संस्था वा निकायले परिच्छेद २ मा उल्लेखित बालअधिकार उल्लङ्घन गरेमा, संरक्षक वा परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सजाय हुनेछ ।

४७. **कानून व्यवसायीको व्यवस्थाः** (१) कसुरजन्य कार्यको आरोप लागेको बालबालिकाको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा त्यस्ता बालबालिकाको हकमा प्रदेश सरकारले आवश्यक कानून व्यवसायीको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून व्यवसायीको व्यवस्था नहुँदासम्म कसुरजन्य कार्यको आरोप लागेको बालबालिकाको प्रतिरक्षा गर्न इच्छुक कानून व्यवसायीबाट कानूनी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउन सकिनेछ ।

४८. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार कुनै अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालना गर्नेगरी समिति, मन्त्रालयको कुनै कर्मचारी वा अन्य कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४९. **यसै ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए भएको जति कुरामा यसै ऐन बमोजिम र सो वाहेकको विषयमा प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

५०. **नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐन र उपदफा (१) बमोजिमको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका,कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

**प्रमाणीकरण मितिः- २०७७/०९/२९**

**आज्ञाले,**
**वीरेन्द्र कुमार यादव**
**प्रदेश सरकारको सचिव**